annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक २५८ पृष्ठ ८ | काठमाडौं, बुधबार ९ माघ २०८१ | मार्ग कृष्णपक्ष नवमी, नेपाल संवत् ११४५ | WEDNESDAY, JANUARY 22, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी


निर्वाचन कानुनमा संशोधन प्रस्ताव

# प्रत्यक्ष निर्वाचनमा ३३ प्रतिशत महिला उम्मेदवार अनिवार्य

नयाँ बन्ने निर्वाचन कानुनमा प्रत्यक्ष निर्वाचनमा ३३ प्रतिशत महिला उम्मेदवार अनिवार्य हुनुपर्ने व्यवस्था प्रस्ताव गरिएको छ। त्यसैगरी निर्वाचनको बार तोक्दै तीनै तहका निर्वाचन आइतबार गर्ने प्रस्तावमा अघि सारिएको छ। कानुनमा नै नो नट अगेन (नोटा)को प्रावधान पनि राखिएको छ। अग्रिम मतदान र विदेशबाटै मतदानको व्यवस्था पनि यो कानुनमा ल्याइने भएको छ। सहकारी ठगीलगायत नैतिक पतनदेखि फौजदारी कसुरमा कसुरदार भएको उम्मेदवार हुन नपाउने व्यवस्थाको प्रस्ताव गरिएको छ।

**राजकरण महतो** | *काठमाडौं*

**– को रिपोर्ट**



**मस्यौदामा प्रस्तावित केही नयाँ व्यवस्थाहरू**

- नोटाको प्रावधान : कसैलाई मत दिन्न भन्न पाउने व्यवस्था
- कानुनमै निर्वाचनको मिति तोकियो : सबै निर्वाचन आइतबार
- समानुपातिकमा दुई पटकभन्दा बढी निर्वाचित हुन नपाउने
- समानुपातिकमा अग्रिम मतदान र विदेशबाटै मतदानको व्यवस्था
- सहकारी ठगले उम्मेदवार हुन नपाउने
- निर्वाचन खर्च नबुझाएहरूले ६ वर्षसम्म उम्मेदवार बन्न नपाउने
- सम्पूर्ण वडा अध्यक्षमध्ये कम्तीमा ३३ प्रतिशत महिला उम्मेदवार अनिवार्य
- निविदा मतपत्रसम्बन्धी व्यवस्था

समाचार पृष्ठ २

# विच्याटमार्फत अवैध भुक्तानी, नेपाललाई आर्थिक क्षति

**ममता थापा** | *काठमाडौं*

- नेपालमा माछापुच्छ्रे बैंक र एनएमबी बैंकमा खाता खोलेर विच्याट पेको क्युआरमार्फत भुक्तानीको वैध कारोबार व्यवस्था हुँदाहुँदै अझै अवैध अर्थात् चिनियाँ बैंककै खाताको विच्याट क्युआरबाट भुक्तानी भएको खुलेको छ।
- तत्कालीन समयमा यस्तो गैरकानुनी क्रियाकलाप फस्टाएपछि विदेशी विनिमय अपचलन हुन थाल्यो। यसले मुलुकमा राजस्व छलीदेखि विदेशी विनिमय अपचलन भएका कारण केन्द्रीय बैंकको ध्यानाकर्षण भयो।

विच्याट-पे, अली-पे, पेवेल जस्ता भुक्तानी प्रणालीमार्फत पटक-पटक लाखौं कारोबार हुन थाल्यो। यसरी गैरकानुनी रूपमा नेपालबाट पैसा बाहिरिन थालेपछि नेपाल राष्ट्र बैंकले यसो नगर्न निर्देशन दिँदै आएको छ। यसबारे २०७६ सालमा नीतिगत व्यवस्था नै गरियो। यसपछि धेरैले नेपालमा दर्ता गरेर त्यसलाई कानुनी मान्यताअनुसार चलाइरहेका छन्। तर, पनि कानुनलाई देखाएर लुकीछिपी यस्ता गैरकानुनी भुक्तानी भइरहेको गुनासो सुनिन्छ।

धेरैपटक यस्तै गैरकानुनी अवैध भुक्तानी गरेका कारोबारीलाई नेपाल प्रहरीले पक्राउ गरिसकेको छ। यसअघि क्रमश: २०७५, २०७८ र २०८० सालमा विच्याटबाट अवैध कारोबार गर्नेहरूलाई प्रहरीले पक्राउ गरिसकेको छ। जसअनुरूप प्रहरीले २०७५ जेठ तेस्रो सातातिर विच्याटमार्फत अवैध कारोबार गर्ने केही व्यक्तिलाई पक्राउ गर्‍यो। यस्तो कारोबार गर्नेमा रेष्टुरेन्ट व्यवसायीदेखि बहुराष्ट्रिय कम्पनीका नेपाली बिक्रेता रहेको देखिन्छ।

यस्तै कारोबारमा संलग्न केही नेपाली र चिनियाँ नागरिकलाई फेरि २०७८ साल माघको पहिलो साता प्रहरीले प्रक्राउ गरेको थियो। पक्राउ पर्नेहरूले विच्याट पेकै प्रयोग गरेर चीनको बैंक खातामा करोडौं रकमको कारोबार गरेको खुलासा भएको थियो।

यसैगरी, २०८० असारमा बौद्धमा सञ्चालित एक रेष्टुरेन्टबाट केही नेपाली नागरिकले लाखौं रकम विच्याटबाटै अवैध रूपमा पठाएको भन्दै प्रहरीले पक्राउ गरेको थियो। यस्तो घटना भइरहेपछि राजस्व अनुसन्धान विभागले पनि चासो दिएर अनुसन्धान गरेको थियो। करिब ५ वर्षअघि गरेको उक्त अनुसन्धानले आधा विच्याट पेको अवैध कारोबार हुँदा आधा करोड रुपैयाँ बराबरको राजस्व छली भएको समेत निचोड निकालिएको एक कर्मचारीले जनाएका छन्। तर, यो अनुसन्धान अलि अघिको भएकाले हालका महानिर्देशक चण्डिप्रसाद घिमिरे भने यसबारे अनविज्ञ भएको बताउँछन्।

तर, पनि विच्याट पेमार्फत अवैध भुक्तानी गरेर विदेशी विनिमय अपचलनबारे विभागमै करिब ३०-३५ वटा मुद्दा दायर भएको महानिर्देशक घिमिरेले जानकारी दिए। 'म आउनुभन्दा अगाडि नै अनुसन्धान भएको विषय थाहा भएन। तर, विच्याट पेमार्फत अवैध भुक्तानी गरेर विदेशी विनिमय अपचलनबारे विभागमै करिब ३०-३५ वटा मुद्दा दायर गरिसकेको छ। नेपाल प्रहरीले समाएको र कतिपय हाम्रै अनुसन्धानबाट देखिएका छन्। यस्ता विदेशी विनिमय अपचलन भएका केशको सम्बन्धित जिल्ला अदालतमा मुद्दा दायर गरिरहेकै छौं,' विभागका महानिर्देशक घिमिरेले अन्नपूर्णसँग भने।

यसै क्रममा उनले अवैध व्यापार गरेर विच्याट-पे जस्ता भुक्तानीबाट मात्र होइन कुनै माध्यमबाट पनि राजस्व छल्ने काम नगर्न र कानुनी मान्यता अपनाउन अनुरोध गरे। 'जुनसुकै उद्योगी, व्यवसायी कसैले राजस्व चुहावट गर्नुभएन। विद्यमान कानुनहरू छन्। ती कानुनहरूको परिपालना गर्ने हो भने राजस्व चुहावट नै हुँदैन,' उनले थपे।

नेपालमा माछापुच्छ्रे बैंक र एनएमबी बैंकमा खाता खोलेर विच्याट पेको क्युआरमार्फत भुक्तानीको वैध कारोबार व्यवस्था हुँदाहुँदै अझै अवैध अर्थात् चिनियाँ बैंककै खाताको विच्याट क्युआरबाट भुक्तानी भएको खुलेको छ।

जसले गर्दा नेपालमा भएको कारोबार रकम भने सिधै चीन जाँदा मुलुकले ठूलो आर्थिक क्षति बेहोर्नु परेको छ। अवैध रूपमा विच्याटबाट रकम विदेश पठाउने क्रम नरोकिएको नेपाल प्रहरी केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी)को पछिल्लो केशले पनि पुष्टि भएको छ। अहिले यस्तै खाले घटना भएकाले सीआईबीले यसबारे अध्ययन गरिरहेको जानकारी दिएको छ। अनुसन्धानको क्रममा रहेकाले यसबारे विस्तृत विवरण अहिले खुलासा गर्न नमिलेको सीआईबीका प्रहरी उपरीक्षक (एसपी) सुधीर साहीले बताए।

**विच्याट पेलाई अनुमति, अझै गैरकानुनी कारोबार**

'केही चाइनिज व्यापारीहरूले चीनकै विच्याट पे चलाउँथे र नेपालमा कारोबार गर्थे तर पैसा चीनमै पठाउँथे। अझै यस्तो क्रियाकलाप हुने गरेको केहीबाट सुनिएको छ', एक व्यवसायीले भने। तत्कालीन समयमा यस्तो गैरकानुनी क्रियाकलाप फस्टाएपछि विदेशी विनिमय अपचलन हुन थाल्यो। यसले मुलुकमा राजस्व छलीदेखि विदेशी विनिमय अपचलन भएका कारण केन्द्रीय बैंकको ध्यानाकर्षण भयो। जसअनुरूप नेपाल राष्ट्र बैंकको वैदेशिक विनिमय व्यवस्थापन विभागले पनि २०७६ जेठ ६ गते विच्याट-पे गैरकानुनी हो र यसरी नगर्न निर्देशनसहित सर्कुलर जारी गर्‍यो।

» बाँकी पृष्ठ ६

# अमेरिका स्वर्णिम युगमा प्रवेश गर्‍यो : राष्ट्रपति ट्रम्प

**अनिल अधिकारी** | *अमेरिका*

अमेरिकी राष्ट्रपति डोनाल्ड जे ट्रम्पले अमेरिका स्वर्णिम युगमा प्रवेश गरेको घोषणा गरेका छन्। सोमबार ४७औं राष्ट्रपतिका रूपमा शपथ लिए लगत्तै राष्ट्रपति ट्रम्पले अमेरिका स्वर्णिम युगमा प्रवेश गरेको र अमेरिकालाई पुन: ग्रेट अर्थात् महान बनाउने घोषणा गरेका हुन्।

कैयन कार्यकारी आदेशको घोषणा गर्दै राष्ट्रपति ट्रम्पले आफूले चुनावका बखत गरेका घोषणा जस्तै अमेरिका पहिलोको नीति लिने प्रतिबद्धता जनाएका छन्। राष्ट्रपति ट्रम्पले चुनावका बेला मेक अमेरिका ग्रेट अगेनको नारा लिएर चुनावमा होमिएका थिए। विश्वभरका राजनीतिक तथा आर्थिक रूपमा नेतृत्व गरेका शीर्ष व्यक्तित्वहरू तथा संसारभरका धनीहरूका बीचमा शपथ लिएका अमेरिकी राष्ट्रपति ट्रम्पले अमेरिकाको विकास र समस्या समाधानका बारेमा तीव्र गतिमा काम गर्ने संकेतसमेत दिइसकेका छन्।

पहिलो दिन नै अमेरिकी राष्ट्रपति ट्रम्पले सञ्चारकर्मीलाई साक्षी राखेर थुप्रै कार्यकारी आदेशहरूमा हस्ताक्षरसमेत गरेका छन्। चुनावका बेला प्रतिबद्धता जनाएअनुसार नै राष्ट्रपति ट्रम्पले दक्षिणी सीमा क्षेत्रको सीमा समस्या समाधानका लागि संकटकाल लगाउने घोषणा गरेका छन्।

यो भनेको अब दक्षिणी सीमा क्षेत्रमा सुरक्षा निकाय तैनाथ हुनेछ। यस्तै अमेरिकी राष्ट्रपति ट्रम्पले जन्मसिद्ध नागरिकता अन्त्य गर्ने प्रयास स्वरूप कार्यकारी आदेशमा पनि हस्ताक्षर गरेका छन्। जन्मसिद्ध नागरिकता हटाउन प्रयास गरेको भए पनि यसलाई संविधान संशोधन वा अदालतमार्फत समाधान गर्नुपर्ने हुन्छ।



गैरनागरिकका बालबालिकालाई जन्मसिद्ध नागरिकता दिनेबारे संविधानको १४औं संशोधनद्वारा ग्यारेन्टी गरेको व्यवस्था हो। राष्ट्रपतिले आफैंले संविधान परिवर्तन गर्न नसक्ने भए पनि उनले कार्यकारी आदेश जारी गरेर उनी जन्मसिद्ध नागरिकता अस्वीकार गर्न चाहेको स्पष्ट पारेका छन्।

यस्तै राष्ट्रपति ट्रम्पले जनवरी ६ मा क्यापिटल हिल दंगाका १६ सय जना अभियुक्तलाई क्षमादान दिएका छन्। ट्रम्पले आफ्नो पहिलो आधिकारिक क्रियाकलापको रूपमा २०२१ जनवरी ६ मा भएको आक्रमणसँग सम्बन्धित प्राय: सबैलाई माफी दिएका हुन्।

यस्तै उनले प्राउड ब्वाइज र ओथ किपर्स मिलिसियाका १४ सदस्यहरूको सजाय कम गरिदिएका छन्। जसमा अधिकांश विद्रोहको षड्यन्त्रको आरोपमा दोषी ठहरिएका थिए। यस्तै राष्ट्रपति ट्रम्पले पहिलो चरणमै निवर्तमान राष्ट्रपति जो बाइडेन प्रशासनले गरेका ७८ कार्यकारी आदेशहरूसमेत रद्द गरेका छन्।

आदेशअनुसार संघीय कर्मचारीहरू पूर्णकालीन काममा फर्कनुपर्ने छ। त्यस्तै ट्रम्पले पेरिस जलवायु सम्झौताबाट अलग हुने कार्यकारी आदेशमा हस्ताक्षर गरेका छन्। जसअनुसार अमेरिका फेरि पेरिस जलवायु सम्झौताबाट बाहिरिनेछ।

राष्ट्रपति ट्रम्पले जारी गरेका कार्यकारी आदेशअनुसार उनी चुनाव ताका घोषणा गरे जस्तै मेक अमेरिका ग्रेट अगेनको नारा अनुसारकै स्प्रिडमा काम गर्न चाहन्छन् भन्ने संकेत गर्दछ। अर्कोतर्फ प्रजातन्त्रको नेतृत्व गरिरहेको विश्वको शक्तिशाली देशको राष्ट्र प्रमुख धेरै नै शक्तिशाली भएको संशयको समेत चर्चा हुन थालेको छ।

